**बालबालिकासम्बन्धी जनगणना सर्वेक्षणका सिकाइहरू :**
**३१ अगस्ट, २०१८ का दिन भरतपुर महानगरपालिका तथा यसका सरोकारवालाहरूका लागि आयोजना गरिएको कार्यशालाको संक्षिप्त प्रतिवेदन**

**सर्वेक्षण प्रतिवेदनको अनुसूचीमा समावेश गर्ने तथा अन्य नगरपालिकाहरूलाई दिनका लागि तयार गरिएको**

## १. नेपालको सन्दर्भ

संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको रूपमा नेपालले निकृष्ट प्रकारका बालश्रम निर्मूलन गर्ने तथा विस्तारै अन्य सबै प्रकारका बालश्रमको अन्त्य गर्नका लागि विभिन्न महासन्धि (संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १३८, १८२ २९ र १०५) तथा बालबालिकाको कल्याणका लागि सार्क महासन्धिलगायतका धेरै सङ्ख्यामा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरू जनाएको छ। नेपालले सन् २०३० सम्म पूरा गर्नेगरी दिगो विकास लक्ष्यहरूमा पनि प्रतिबद्धता जनाएको छ। नेपाल सरकारले बालश्रमको समस्यालाई पहिचान गरेको छ र बालश्रमको अन्त्य गर्ने आफ्ना प्रतिबद्धताहरूलाई पूरा गर्नाका लागि विभिन्न राष्ट्रिय कानुन तथा नीतिनियमहरू लागु गरेको छ। यस सन्दर्भमा असोज २०७२ मा जारी भएको नेपालको संविधानले बालअधिकार सुनिश्चित गर्दै कलकारखाना, खानी तथा अन्य जोखिमपूर्ण काममा बालबालिकाको प्रयोगलाई निषेध गरेको छ र बालविवाहमा प्रतिबन्ध लगाएको छ। त्यस्तै,बालबालिकाको अवैध ओसारपसार, अपहरण तथा थुनामा राख्ने एवं सेना, प्रहरी तथा सशस्त्र प्रहरीमा भर्ना हुन/गर्न निषेध गर्ने लगायतका प्रावधानहरूसंविधानमा नै राखेको छ। संविधानले शारीरिक, मानसिक जस्ता कुनै पनि प्रकारका दुर्व्यवहार, यौनशोषण वा कुनै सांस्कृतिक, धार्मिक वा अन्य कुनै परम्परागत अभ्यासका लागि बालबालिकाको दुरूपयोग हुनबाट उनीहरूको संरक्षण सुनिश्चित गरेको छ। त्यस्तैगरी, सेप्टेम्बर, २०१७ मा लागु भएको श्रम ऐन, २०७४ ले विद्यमान कानुनविपरीत बालबालिकालाई काममा लगाउन कडा रूपमा रोक लगाएको छ।

नेपाल सरकार, मन्त्रीपरिषदले ८ जुलाई २०१८ का दिन बालश्रम निवारणसम्बन्धी (दस-वर्षीय) राष्ट्रिय गुरुयोजना, २०७५-२०८५ (वि.सं.)पारित गरेको छ। यस गुरुयोजनाको मुख्य लक्ष्य नेपालमा सबै प्रकारका बालश्रमको अन्त्य गर्नु रहेको छ। गुरुयोजनाले सन् २०२२ सम्म शोषणजन्य तथा निकृष्ट प्रकारका बालश्रम तथा सन् २०२५ सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य राखेको छ। गुरुयोजनाले बालश्रमको अन्त्यका लागि बनेका सबै नीति, कानुन तथा संस्थागत संरचनाको समीक्षा गर्ने, बालश्रमको क्षेत्रमा कार्यरत सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरूमार्फत सकारात्मक वातावरण तयार गर्ने एवं नियमित अनुगमन तथा लक्षित कार्यक्रममार्फत बालश्रमबाट पीडितको खोजी, उद्धार तथा पुनर्स्थापना गर्ने जस्ता रणनीति तय गरेको छ। गुरुयोजनाको रणनीतिमा सरोकारवालाहरूबीचको सहकार्य, समन्वय तथा सञ्जाल स्थापना गर्ने समेतलाई समेटिएको छ। नेपाल सरकारले यस राष्ट्रिय गुरुयोजनाको कार्यान्वयनका लागि कार्ययोजना बनाउने प्रक्रिया समेतसुरुवात गरेको छ।

नेपालको संविधान (२०७२) जारी भएको तेस्रो वर्षको सेरोफेरोमा यही सेप्टेम्बर महिनामा नेपाल सरकारलेमौलिक हकसम्बन्धी १६ वटा विधेयकहरू पारित गरेको छ। तिनमा बालबालिकासम्बन्धी विधेयक लगायत सामाजिक सुरक्षा, निःशुल्क तथा अनिवार्य शिक्षा, तथा अपराधपीडितको हक लगायतका विधेयकहरू पारित भई ऐन लागु भएका छन्। 'बालबालिकासम्बन्धी ऐन, २०७५' मा बालश्रमको सवाललाई सम्बोधन गर्नाका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप श्रमको न्यूनतम उमेर निर्धारण लगायतका थुप्रै प्रावधानहरू राखिएका छन्। क्लियर-२ परियोजना तथा बालश्रम एवं बालसंरक्षणको क्षेत्रमा कार्यरत संस्थाले सुझाएका विभिन्न सवालहरूलाई बालबालिकासम्बन्धी ऐनमा यथोचित रूपमा समेटिएका छन्। बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजनालाई कार्यान्वयन गर्नाका

लागि समेत बालबालिकासम्बन्धी ऐन, २०७५महत्वपूर्ण हुनेछ । बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजनाले सन् २०२२ र २०२५ सम्मा क्रमशः निकृष्ट प्रकारका तथा सबै प्रकारका बालश्रम उन्मूलन गर्ने लक्ष्य राखेकाले यसगुरुयोजना र दिगो विकास लक्ष्यलाई तोकिएको समयमा पूरा गर्नाका लागि सबै तह, विशेषतः स्थानीय तहमा बालश्रमको सवाललाई सम्बोधन गर्न जरूरी छ ।

## २. पृष्ठभूमि

भरतपुर महानगरपालिका, देशको प्रदेश नं ३ को चितवन जिल्लामा तराई क्षेत्रमा अवस्थित छ । साबिक रत्ननगर नगरपालिका र अन्य छिमेकी गाउँपालिकाका केही भूभाग समेत गाभिन आएपछि भरतपुर महानगरपालिकाको भौगोलिक क्षेत्र विस्तार हुनुको साथै महानगरपालिकाका साबिकका केही वडाहरू समायोजन गरिएपछि वडाहरूको सङ्ख्या ३१ बाट झरेर २९ वडामा पुगेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गनिर्देशन रही बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्नाका लागि भरतपुर महानगरपालिकाले कार्य अगाडि बढाइरहेको छ । यसको लागि भरतपुरमहानगरपालिका क्षेत्रमा बालबालिका तथा बालश्रमको स्थिति बारेमा पत्ता लगाउनका लागि आधाररेखा सर्वेक्षण गर्नु जरुरीथियो । यस सन्दर्भमा भरतपुर महानगरपालिकालाई त्यसका सरोकारवालाहरूले जनगणना सर्वेक्षण गर्नाका लागि सुझाव दिएका थियो । यसका लागि प्राविधिक तथा आर्थिक सहकार्य तथा सहयोगका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा स्थानीय संघसंस्थाहरूले प्रतिबद्धता जाहेर गरेका थिए ।

सन् २०१८ मार्चमा भरतपुर महानगरपालिकाले जनगणना सर्वेक्षणका लागि प्राविधिक समिति गठन गर्ने निर्णय गऱ्यो । नौ सदस्यीय सो समितिमा बालबालिकाको सवालहरूमा कार्यरत सरकारी कार्यालय जस्तै जिल्लामा रहेका तत्कालीन स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका कार्यालय, महानगरपालिकाको सामाजिक विकास शाखा, गैरसरकारी संस्थाहरू (सिविस, दियालो परिवार, न्यू युथक्लब), यूनिसेफ तथा विनरक-क्लियर २ का प्रतिनिधिहरूरहेका थिए । समितिको भूमिका निम्नानुसार रहेका थिए :

- जनगणना सर्वेक्षण गर्नाका लागि परामर्शदाता/टीम लिडर तथा गणकहरू पहिचान गर्ने,
- जनगणना सर्वेक्षणका लागि प्रश्नावली तयार गर्न सहयोग गर्ने,
- गणकहरूलाई तथ्याङ्क सङ्कलनका लागि अभिमुखीकरण गर्ने,
- भरतपुर महानगरपालिकालाई जनगणना सर्वेक्षणका लागि आर्थिक, सामग्री सहयोग र/वा प्राविधिक सहयोग प्रदान गर्ने र
- भरतपुर महानगरपालिकाका लागि बालश्रमको क्षेत्रमा सामाजिक नीतिका लागि सुझावसहितको बालबालिका जनगणना प्रतिवेदन तयार गर्न सहयोग गर्ने ।

भरतपुर महानगरपालिकालाईबालमैत्री नगरपालिका घोषणा गर्न बालबालिका र बालश्रमको डेटाबेस तयार गर्नाका लागि नेपाल सरकारको बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीतिका सूचकहरूलाई मुख्य रूपमा आधारमानी २९ वटै वडामा जनगणना सर्वेक्षण गरियो । भरतपुर महानगरपालिकाले नियुक्त गरेको परामर्शदाताले (प्राविधिक समितिसँग समेत परामर्श गरी) सर्वेक्षणको विधि तयार गरेका थियो । महानगरलाई बालमैत्री घोषणा गर्नका लागि लक्षित सो सर्वेक्षणको प्रक्रिया वि.सं. २०७३ चैत्रको पहिलो हफ्ता (मार्च, २०१७) मा सुरु भयो र २०७५ साल (२०१८ को मध्यतिर) पूरा भयो । सर्वेक्षण प्रक्रिया स्थानीय चुनाव तथा २०१७ को बाढी तथा अन्य थुप्रै कारणहरूले गर्दा लम्बियो र तोकिएको समयावधिमा पूरा हुन सकेन । तथापि, उक्त प्रक्रियाले महानगरपालिकाको टोलीलाई भविष्यमा यस्तै प्रकारका सर्वेक्षण गर्नाका लागि थुप्रै सिकाइहरू प्रदान गऱ्यो । महानगरपालिकाको सामाजिक विकास शाखाले भविष्यमा हुने सर्वेक्षणहरूलाई सफल बनाउनका लागि अझ प्रभावकारी योजना गर्न जरुरी छ, यस

अन्तर्गत प्रश्नावलीलाई अझ मिहिन बनाउने तथा गणकहरूलाई पर्याप्त तालिम उपलब्ध गराउने आदि रहेका छन् । यसका साथै, प्रभावकारी जनगणना सर्वेक्षणका लागि अझ बढी आर्थिक तथा मानवीय स्रोतको विनियोजन गर्नुपर्ने कुरा समेत विभागले मनन गरेको छ ।

## ३. उद्देश्यहरू

यस सिकाइ कार्यशालाको सामान्य उद्देश्य जनगणना सर्वेक्षणका क्रममा विभिन्न सन्दर्भमा भएका सिकाइहरू, विशेषतः तथ्याङ्क सङ्कलनका क्रममा भएका सिकाइहरू जनगणना सर्वेक्षणसँग सम्बन्धित भएका सरोकारवालाहरूसँग आदानप्रदान गरी भविष्यमा हुने गतिविधिको कार्यान्वयनका लागि सिकाइको रूपमा लिने तथा नेपालका अन्य नगरपालिकाहरूलाई समेत सिकाइ बाँड्नु रहेको थियो । यस उद्देश्यका साथ जनगणना सर्वेक्षणका क्रममा तथ्याङ्क सङ्कलन,तथ्याङ्क कोडिङ्ग, प्रविष्टि तथा विश्लेषणमा संलग्न भएका गणक, सुपरिवेक्षक एवं टीम लिडर लगायत, तथा भरतपुर महानगरपालिकाका अधिकारी एवं गैरसरकारी संस्थाका प्रतिनिधिका रूपमा रहेका प्राविधिक समितिका सदस्यहरूलाई समेत कार्यशालामा आमन्त्रण गरिएको थियो । यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका थिए :

- बालबालिका तथा बालश्रमको सर्वेक्षणका चुनौती तथा कमीकमजोरीहरू पहिचान गर्नु,
- सर्वेक्षणको क्रममा आएका चुनौतीहरू सामनाका लागि लिएका रणनीतिका बारेमा विचारविमर्श गर्नु,
- तथ्याङ्क सङ्कलन तथा गुणात्मक सूचनाजानकारी सङ्कलन गर्दा त्रुटीहरू न्यून बनाउनका लागि आवश्यक उपायहरू सुझाउनु,

## ४. सिकाइ कार्यशालाको औचित्य

विनरक, क्लियर २ परियोजनाले बालबालिका तथा बालश्रमसम्बन्धी जनगणना सर्वेक्षणमा भरतपुर महानगरपालिकालाई सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेको थियो । तथापि, विभिन्न कारणहरूले गर्दा सो सर्वेक्षण तोकिएको समयमा सम्पन्न हुन सकेन । यसको कारणले परियोजना कार्यअवधिभित्रै बालबालिका तथा बालश्रम जनगणना सर्वेक्षण सम्पन्न गर्न तथा सामाजिक नीति बनाउन सुझाव दिने कुरा अनिश्चित रह्यो । यसका साथै, सर्वेक्षणको विधिलाई फाइनल गर्ने क्रममा क्लियर २ का कर्मचारीले अध्ययन विधिमा थुप्रै कमीकमजोरीहरू रहेको समेत पाए, जसले गर्दा महानगरपालिकामा नै सर्वेक्षणमार्फत प्राप्त भएको बालश्रमको तथ्याङ्कको विश्वसनीयतामा आशङ्का उत्पन्न हुने स्थिति देखियो । क्लियर २ ले वैकल्पिक सहयोगको प्रस्ताव गऱ्यो । भरतपुर महानगरपालिकाको सहमतिमा क्लियर २ परियोजनाले कार्यशालाको आयोजना गरी सर्वेक्षणका चुनौती तथा कमीकमजोरीका बारेमा बुझ्न र तथ्याङ्क सङ्कलन एवं गुणात्मक जानकारीका लागि आवश्यक कुराहरूमा सर्वेक्षणका सरोकारवालाहरूको संवेदनशीलताका बारेमा छलफल गर्ने निर्णय गऱ्यो । यस कार्यशालाको सिकाइबाट भरतपुर महानगरपालिका तथा अन्य नगरपालिकालाई भविष्यमा यस्तै प्रकारका सर्वेक्षण गर्दाकस्ता कुराहरूमा ध्यान दिनु पर्दछ भनेर, चनाखो हुनलाई मद्दत पुऱ्याउनेछ भन्ने नै यस कार्यशालाको मुख्य ध्येय थियो ।

## ५. कार्यशालाको अपेक्षित उपलब्धि

भरतपुर महानगरपालिकाका अधिकारी तथा अन्य नगरपालिकाहरूलाई भविष्यमा यस्तै प्रकारको सर्वेक्षणगर्दा यस सर्वेक्षणमा पहिचान गरिएका कमीकमजोरी, चुनौती, लिइनुपर्ने पहल एवं असल अभ्यासहरूलाई बढावा दिन, यस प्रतिवेदनलाई जनगणना सर्वेक्षण प्रतिवेदनको अनुसूचीमा संलग्न गरिनेछ ।

## ६. छलफलको प्रक्रिया

सहभागीहरूलाई पाँचवटा समूहमा विभाजन गरी तल दिइएका विभिन्न पक्षहरूमा छलफल गरी प्लेनरीमा ती कुराहरू प्रस्तुति गर्न लगाइएको थियो :

- जनगणना सर्वेक्षणको खाका तयारी, तथ्याङ्क सङ्कलन, प्रविष्टि, विश्लेषण, मानव स्रोत व्यवस्थापन तथा तालिम एवं सम्पूर्ण प्रक्रियामा आएका चुनौतीहरू,
- चुनौतीहरू सामना गर्न चालिएका रणनीति तथा आएका परिवर्तन, एवं
- जनगणना सर्वेक्षणको गुणस्तर सुधार्न तथा अन्य नगरपालिकालाई उस्तै प्रकारको सर्वेक्षण गर्नका लागि सुझाव

## ७. सिकाइको आदानप्रदान

गणक तथा सुपरिवेक्षकहरूले क) महानगरपालिकाको विभिन्न पक्षहरूमा तथ्याङ्क, ख) गणक तथा सुपरिवेक्षकहरूका जिम्मेवारीहरू (कार्य तथा क्रियाकलाप), ग) सर्वेक्षणको तयारी (प्रश्नावली), घ) स्थलगत तथ्याङ्क सङ्कलनका क्रममा ध्यान दिनुपर्ने कुराहरू, ङ) सर्वेक्षणको प्रक्रियागत तथा विधिगत पक्ष एवं आचारसंहिता, तथा च) तथ्याङ्क सङ्कलनका क्रममा आएका समस्या/सवालहरूको सम्बोधनका लागि व्यक्ति, समूह तथा निकायसँगको समन्वय आदि क्षेत्रमा सिकाइ हासिल भएको कुरा बताए ।

*आएका चुनौती तथा सम्बोधनको रणनीति*
सर्वेक्षण चुनावी माहोलको क्रममा गरिएको कारणले समय तथा परिस्थिति सर्वेक्षणका लागि उपयुक्त थिएन । उपलब्ध बजेट न्यून भएको र त्यसको परिचालन गरी सर्वेक्षणका केही कामहरू बाहिरी सहयोगमार्फत पुरा गरियो । सर्वेक्षणको उपलब्धिकै रूपमा पहिचान गरिएका श्रममा संलग्न बालबालिकाको कार्यस्थलबाट उद्दार गरी विद्यालयमा भर्ना गर्ने काम पनि भयो । तथापि, ती उपलब्धि विना कुनै चुनौती पाइएको थिएन । अध्ययन टोलीले ती चुनौतीको निराकरण आफ्नै मेहनतले गरेका थिए । यस सन्दर्भमा सर्वेक्षणको खाका तयारी, तथ्याङ्क सङ्कलन तथा तथ्याङ्क प्रविष्टि तथा विश्लेषण लगायतका चरणमा आएका त्यस्ता चुनौती तथा रणनीतिक उपायहरू तल अभिलेखीकरण गरिएको छ ।

*सर्वेक्षणको खाका तयारी*
सुरुवातमा प्राविधिक समितिलाई सर्वेक्षणको काममा परिचालन गर्न केही ढिलासुस्ती भयो । सर्वेक्षणका विधिहरूमा कमजोरी देखिए र प्रश्नावली मुख्य उद्देश्यमा पूर्णत केन्द्रित हुन सकेको थिएन । साथै केही प्रश्नहरू जटील प्रकृतिका भएका कारणले उत्तरदातालाई उत्तर दिन गाह्रो पर्ने किसिमको थियो ।

त्यसका साथै, सर्वेक्षणको प्रश्नावलीले बालमैत्री स्थानीय शासनका ३९ वटै सूचकहरूलाई समेट्न खोजिएको कारणले प्रत्येक अन्तर्वार्ता लामो हुने र एउटा घरधुरीमा अन्तर्वार्ता लिनका लागि आधा घण्टाभन्दा बढी समय लागेको थियो । त्यसकारणले उत्तरदाताहरूले पूरा अन्तर्वार्ता दिन दिक्क मान्नु स्वभाविक थियो । विशेषतः आम्दानीसम्बन्धी प्रश्नहरूमा उत्तर दिन उत्तरदाताहरू झिँजो मानिरहेका थिए । त्यस परिस्थितिमा उत्तरदाताहरूलाई आम्दानीको नभई खर्चसँग सम्बन्धित प्रश्नहरू गरी आर्थिक स्थितिको जाँच गर्ने कोसिस गरिएको थियो । तथापि, धेरै वटा अन्तर्वार्तामा पुरै प्रश्नहरूको उत्तर आएनन् (कतिपय प्रश्नावली त ४०% मात्रै भरिएका पनि थिए) । सर्वेक्षणको प्रश्नावलीमा स्वास्थ्य, शिक्षा तथा बालश्रमसँग सम्बन्धित विभिन्न क्षेत्रहरू समेटिएको थियो ।

बालश्रमसँग सम्बन्धित प्रश्नहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारका जोखिमपूर्ण तथा निकृष्ट प्रकारका श्रममा बालबालिकाको जोखिममा आधारित नभई प्रायःजसो घरेलु बालश्रमिकसँग मात्र जोडिएका थिए । सर्वेक्षणका प्रश्नहरू घरेलु बालश्रमिकमा केन्द्रित रहेकोले घरेलु बालश्रमिक भएका घरपरिवारले

अन्तर्वार्ता दिन गाह्रो मान्नु स्वभाविक नै थियो । त्यस्ता परिस्थितिमा वडा कार्यालयका प्रतिनिधिहरू तथा घरछिमेकका अन्य व्यक्तिहरूसँग अन्तर्वार्ता लिई जानकारी सङ्कलन गरिएको थियो ।

*तथ्याङ्क सङ्कलन*

समयमै गणकहरूको नियुक्ति गर्न तथा उनीहरूलाई तालिम प्रदान गर्न गर्न नसकिएकोले पूर्वयोजना बमोजिम तथ्याङ्क सङ्कलनले गति लिन सकेन । केही गणकहरूले कामअनुसारको पारिश्रमिक नभएका कारणले कामलाई निरन्तरता दिएनन् पनि । सर्वेक्षण सीमित स्रोतबाट सम्पन्न गर्न प्रयास गरिएकाले अन्य थुप्रै चुनौतीहरू पनि आए । केही तालिम प्राप्त गणकहरूले बीचैमाकाम छोडेका कारणले गणकको कमी पूरा गर्न अन्य वडाका सामाजिक परिचालक तथा स्वयंसेवकहरू परिचालन गरी तथ्याङ्क सङ्कलनको काम पूर्ण गरियो । तथ्याङ्क सङ्कलनको क्रममा आवश्यक सामग्रीहरू नभएका कारणले पनि गणकहरूको काममा बाधा पुगेको थियो ।

यो जनगणना सर्वेक्षण भएकोले महानगर क्षेत्रका सबै घरधुरीमा पुग्नु जरुरी थियो ।
बालबालिकाको सवालमा राम्ररी तालिम नपाएको तथा संवेदनशील बनाउन नसकिएको कारणले पनि जटिलता थपिएका थिए । त्यस्तै एउटै प्रश्नावलीमा बालमैत्री स्थानीय शासनका सूचक तथा अन्य जानकारीसँग सम्बन्धित प्रश्नहरू पनि समेटिएकाले गर्दा गणकहरूलाई तथ्याङ्क सङ्कलनमा समस्या भएको थियो । अतः सर्वेक्षणले पहिचान गरेका श्रममा संलग्न बालबालिकाको सङ्ख्या न्यून आएको थियो र त्यसलाई ठीक तथ्याङ्क मान्न गाह्रो हुने देखिन्छ । त्यसका दुई कारण रहेका छन्, पहिलो- तथ्याङ्क सङ्कलन गर्दा मोटर ग्यारेज तथा औद्योगिक प्रतिष्ठानहरू समेटिएको थिइएन, र दोस्रो- आफ्ना बालबालिकालाई अन्य ठाउँमा घरेलु बालश्रमिकका रूपमा काम गर्न पठाउने परिवारले तिनको बारेमा जानकारी नै दिएनन् ।

त्यस्तै, गणक तथा सुपरिवेक्षकहरूलाई दिइएको तालिम, तालिम अवधि, विषयगत ज्ञान तथा सीपका हिसाबले पर्याप्त थिएन, जसले गर्दा तथ्याङ्कको गुणस्तरमा प्रभाव पर्‍यो । पछि नियुक्ति गरिएका गणकहरूले भने पर्याप्त तालिम पनि पाएनन् । गणक तथा सुपरिवेक्षकका आफ्नै सीप तथा ज्ञानलाई प्रयोग गरी दैनोदिन आउने समस्याको सामना गरियो । टोलसुधार समितिलाई परिचालन गरी सहयोग लिइएकाले तथ्याङ्क सङ्कलन केही हदसम्म सजिलो भने भएको थियो ।

महानगरपालिकाको भौगोलिक सीमा बढेको कारणले पनि केही चुनौतीहरूको सामना गर्नुपर्‍यो । सोचेजस्तै गरी तथ्याङ्क सङ्कलनको अनुगमन गर्न पनि सकिएको थिएन । विशेषतः सहरी क्षेत्रमा गणकहरूले सुरक्षासँग सम्बन्धित सवालको पनि सामना गर्नुपरेको थियो। कामको लागि दिइएको पारिश्रमिक कम भएको तथा त्यो प्राप्त गर्न एकदमै झन्झटिलो प्रक्रिया रहेकाले पनि गणकहरूमा निराशा देखिएको थियो ।

स्थलगत चुनौतीहरूको सामना गर्नाका लागि, अध्ययन टोलीले महानगरपालिकामा निर्वाचित भएर आएका व्यक्तिहरूसँग समन्वय गरेको थियो । घरको धनी नभएको स्थितिमा गणकहरूले पटकपटक सो घरमा गएर तथ्याङ्क सङ्कलन गर्ने कार्य गरेका थिए । साथै, अन्तर्वार्ता दिन नमानेका घरधनीहरूलाई अध्ययन टोलीले समुदाय भेलामा भाग लिन आएका बखत समेत सम्झाउने प्रयत्न गरेको थियो ।

*तथ्याङ्क प्रविष्टि तथा विश्लेषण*

सफ्टवेयर प्रोग्रामरतथा योग्य तथ्याङ्क प्रविष्टि र विश्लेषण गर्ने व्यक्तिहरूको नियुक्तिमा भएको ढिलासुस्ती नै यस चरणको सबैभन्दा ठूलो चुनौती थियो । यसका साथै प्रविष्टि प्रणाली नै पनि बिग्रिएकाले कोडिङ्ग गर्दा समेत समस्या उत्पन्न भएको थियो । सफ्टवेयरले १४ वर्षमुनिका बालबालिकालाई मात्र प्रविष्टि गर्न मान्ने भएका कारण अन्य १८ वर्ष मुनिका बालबालिकाको प्रविष्टिमा समस्या उत्पन्न भएको थियो ।

यसका साथै, पछि थपिएका महानगरपालिकाका भागहरूको प्रविष्टिमा पनि समस्या उत्पन्न भएको थियो । यसका लागि विशेषज्ञहरूको राय लिई सफ्टवेयरलाई अद्यावधिक गर्ने काम भएको थियो ।

## ८. मुख्य सिकाइ तथा भविष्यका सर्वेक्षणका लागि सुझावहरू

सर्वेक्षणको योजना पहिले नै बनाई पर्याप्त समय, स्रोत तथा मानवस्रोतको साथ भए मात्र सर्वेक्षण अपेक्षित तवरले सफल होइन्छ भन्ने सर्वेक्षण टोलीका लागि सबैभन्दा महत्वपूर्ण सिकाइ हो। गणकहरूको तालिम तथा अनुगमनमा विशेष पहलहरू गर्नुपर्ने तथा तथ्याङ्क व्यवस्थापनका लागि प्राविधिक विशेषज्ञको खाँचो पर्ने कुरामा पनि सबैको जोड थियो । प्राविधिक समिति गठन गर्दा अनुसन्धानको प्राविधिक ज्ञान र अनुभव भएका मात्रै नभई आवश्यक पर्दा पर्याप्त समय दिनसक्ने व्यक्तिहरू समेत रहनुपर्दछ भन्नेपनि सिकाई रह्यो । प्राविधिक समिति र अध्ययन टोलीले सर्वेक्षणको उद्देश्य स्पष्ट रूपमा तय गरी विधिहरू तयार गर्दा उद्देश्यलाई केन्द्रमा राख्नुपर्नेर यस्तै खालको सर्वेक्षण गर्दा फरक-फरक विषयमा फरक-फरक अध्ययन गर्नुभन्दा विभिन्न परिस्थितिमा रहेका बालबालिकालाई पनि एउटै सर्वेक्षणले समेट्न सक्नु पर्दछभन्ने् सुझावहरू आए ।

स्थलगत तथ्याङ्क सङ्कलन गर्नुपूर्व पाइलट सर्वेक्षण गर्नु पर्दछ । प्रविधिको प्रयोग गरी मोबाइलमा आधारित एप्लिकेशनको माध्यमबाट तथ्याङ्क सङ्कलन गर्दा तथ्याङ्क सङ्कलन, प्रविष्टि तथा विश्लेषण समेतमा खर्च, समय र कामको हिसाबले निकै सजिलो हुने सिकाइ रह्यो । यसका लागि प्राविधिक विशेषज्ञहरूलाई सर्वेक्षणको सुरूदेखि नै संलग्न गराइनुपर्दछ ।

सर्वेक्षणमा संलग्न मानवस्रोतको कुरा गर्दा योग्य मानव स्रोतको छनौटका लागि व्यवस्थित तवरले नियुक्ति गर्ने प्रक्रिया तय गरिनुपर्दछ । अध्ययनमा संलग्न गणकहरू तथा तथ्याङ्क विश्लेषक तथा अन्य भूमिकामा रहेकालाई तथ्याङ्क सङ्कलन तथा अन्य आवश्यक सबै स्रोत तथा सामग्रीहरू उपलब्ध गराइनुपर्दछ र उपयुक्त हिसाबले पारिश्रमिक साथै अन्य सुविधाहरू दिनुपर्दछ ।

**निष्कर्ष**

बालश्रमको सवाल सामान्य जनमानसको बुझाइमा रहेजस्तै घरेलु बालश्रमिकमा मात्रै सीमित गरिनुहुँदैन । त्यसको सट्टा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिभाषासँग तालमेल मिलाई बालश्रमको समग्र पक्षलाई समेट्ने गरी बालश्रमलाई परिभाषित गरिनुपर्दछ । बालश्रमसँग सम्बन्धित सर्वेक्षणमा औपचारिक तथा अनौपचारिक कार्यस्थलमा कार्यरत बालबालिकाले भोग्ने जोखिमहरू समेटेर तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । स्रोत (जनशक्ति, बजेट तथा अन्य सामग्री) हरू सर्वेक्षण गर्नुअगावै तयार गर्नुपर्दछ । त्रुटीहरू न्यूनीकरण गर्नाका लागि सर्वेक्षण प्रश्नावली तथा विधिहरूको प्रि-टेस्ट गर्ने तथा पर्याप्त तालिमको आवश्यकता पर्दछ र प्रश्नावली उद्देश्यमा आधारित हुनुपर्दछ । आर्थिक तथा मानवीय स्रोतहरू कम भएको अवस्थामा परीक्षण अध्ययन गरी तिनलाई विस्तार गर्दै जानु उपयोगी हुन्छ तथा नयाँ प्रविधिमा आधारित रही मोबाइल एप्लिकेशनमा आधारित तरिकाहरू अपनाउँदा किफायती र समय बचत हुने भएकाले त्यस्त विधिहरू प्रयोग गर्नु प्रभावकारी हुने देखिन्छ । समग्रमा, गुणस्तरीय सूचनाजानकारी तथा डेटाबेसका लागि बलियो राजनैतिक इच्छाशक्तिका साथ प्राविधिक एवं व्यवस्थापकीय टोलीको बीचमा पर्याप्त छलफल, योजना हुन आवश्यक छ र यसमा सबैको प्रतिवद्धताको खाँचो पर्दछ ।

***